आज मिति २०७७ साल फागुन २६ गते बुधवार दिनको १२:०० बजे यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको ६५ औं बैठक बसि निम्न लिखित निर्णय गरियो ।

**उपस्थिती :-**

| सि.नं. | पद | नाम,थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २. | उप प्रमुख | श्री ज्ञानमाया डंगोल | | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री श्रीकृष्ण अधिकारी | | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री दिपकराज जोशी | | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री सिंहराज श्रेष्ठ | | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री जगन्नाथ ढकाल | | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री महेश्वर के.शी. | | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री नरोत्तम राना | | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री केशब वहादुर खत्री | | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री जोग प्रसाद नेपाल | | |
| १२. | वडा अध्यक्ष वडा नं. १० | श्री मधुसुदन पाण्डे | | |
| १३. | वडा अध्यक्ष वडा नं. ११ | श्री उत्तम अधिकारी | | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री शोभा तमाङ्ग | | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री कल्पना घिमिरे | | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री जगतमाया प्रजापति | | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री बच्चु बस्याल | | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री संजिब सुनुवार | | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री लिला भुजेल | | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री उर्मिला वि.क. | | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री पार्वती अधिकारी | | |
| २२. | सचिव/प्रमुख प्रशासकीय अधिकृत | श्री प्रकाश आचार्य | | |

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ग्रैगुल्टी, काठमाडौं
२०७३

निर्णयहरु-

१. आगामी आ.ब. २०७८/७९ को लागि तपशिल वमोजिमका प्रदेश समपुरकका योजनाहरु माग गर्ने निर्णय गरियो ।

क. १ नं. वडा कार्यालयवाट झोर महाँकाल देवीस्थान सम्म मेशिनरी वाल,साईडड्रेन तथा सडक ढलान गर्ने कार्य

ख. वडा नं. २ को भिल्ली पंन्चेटार देखि दल्खु, ईको हुदै वखुन्डोल सम्मको सडक स्तरउन्ती

ग. DPR तयार भएको वडा नं. २ मा रहेको सपन तिर्थ पार्क निर्माण

घ. वडा नं. ४ को हरियाली वस्तीमा रहेको सार्वजनिक जग्गामा ईन्डोर खेलमैदान तथा कर्भड हल निर्माण

ङ. वडा नं. ३ को स्टार टाउनको मूल सडक स्तर उन्नती

च. वडा नं. ३ – २ वालुवापाटी भत्केको पुल हुदै पन्चेटार निस्कने सडक क्रमागत

छ. वडा नं. १ को मालुङ् देखि गणेश खोला सम्म सडक स्तरउन्नती

ज. वडा नं. ३ को साईवावा चोक विष्णुमति-वुढानिलकष्ठ न.पा जोड्दै गणेशस्थान निस्कने सडक सडक स्तरउन्नती

झ. वडा नं. १ को जोगिको कुटि देखि जगात निस्कने सडक स्तरउन्नती

ञ. वडा नं. ३ को कुईरेको कम्पाउण्डवाट पश्चिम- उत्तर हुदै शंखेश्वर महादेव मन्दिर तर्फ निस्कने सडक पक्की

ट. वडा नं. १ को फुलवारी देखि वुढानिलकष्ठ न.पा जोड्ने सडक स्तरउन्नती

२. यस नगरपालिका वडा नं. ३ साविक टोखा सरस्वती गा.वि.स वडा नं. ८ सि.नं. १०२-०८६५-१३ कि.नं. ३ को क्षे.फ २३८४४ व.मिको सरकारी जग्गा प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम परिषदको आंगिक शिक्षालय मनमोहन स्मृति पोलिटेक्निकल ईन्स्टिच्यूट स्थापनार्थ सरकारी जग्गा दर्ता तथा लिजमा उपलव्ध गराउने सम्वन्धि कार्यनीति अनुसार ३० वर्षको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, सानोठिमीलाई लिजमा उपलव्ध गराउन सहमति प्रदान गर्ने निर्णय गरियो ।

३. आगामी आ.ब. २०७८/७९ को लागि तपशिल वमोजिमका प्रदेश विशेष अनुदानका योजनाहरु माग गर्ने निर्णय गरियो।

क. वडा नं. २ मा रहेको शिवपुरी खानेपानी आयोजना निर्माण

६५ औं कार्यपालिका बैठकका निर्णयहरु

टोखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय चन्डोल, काठमाडौं २०७३

मिति २०७६/११/२६

४. टोखा नगरपालिका अन्तर्गत टोखा चण्डेश्वरी प्राथमिक स्वास्थ्य केन्द्रमा कोभिड १९ को बेला लकडाउनको समयमा समेत कामकाजमा खटिएका २ जना सुरक्षाकर्मीहरु श्री रणवहादुर सामरी र मिलन अधिकारी लाइ कोभिड कोषवाट पुरस्कार स्वरुप करकट्टी बाहेक प्रतिब्यक्ति रु. २०,०००। प्रदान गर्ने निर्णय गरियो।

५. आठौं नगरसभाबाट विनियोजन भएको रकमबाट तिलिङटार मा. वि. धापासीको लागि सामूदायिक विद्यालयले नियमानुसार पाउने भन्सार तथा अन्य कर छुट सहित क्याटलग सपिङ विधिबाट स्कूल बस खरिद गर्ने निर्णय गरियो।

६. अखिल नेपाल फुटवल संघ ले आयोजना गरेको "सहिद स्मारक वि डिभिजन लिग" फुटवल प्रतियोगितामा सहभागी हुनको लागि खेलकुद विकास कोषवाट श्री भगवती क्लवलाई रु. ७ लाख रकम उपलब्ध गराउने निर्णय गरियो।

७. टोखामा प्राचिन समयदेखि मनाईदै आएको विष्केट जात्रामा जीर्ण भएको लिङ्गो फेर्नका लागि सँस्कृति संरक्षण कोषवाट यँसी खल: लाई रु. २ लाख रकम उपलब्ध गराउने निर्णय गरियो।

८. नगरपालिकाबाट नक्शापास नहुने भुकम्पपिडित लाभग्राहीहरुको हकमा नगरपालिका अन्तर्गत पुनर्निर्माण शाखाबाट खटिएका प्राविधिकहरुबाट भुकम्प प्रायोजनको लागि तयार गरिएको नक्सा स्केच बमोजिम वडा कार्यालयको सिफारिसको आधारमा राहत उपलब्ध गराउन जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान ब्यवस्थापन तथा स्थानीय पूर्वाधार ) बबरमहल काठमाडौंलाई सिफारिस गर्ने निर्णय गरियो।

९. मिति २०७७।१०।५ को ६४ औं कार्यपालिका बैठकबाट स्वीकृत भवन निर्माण एवम् नक्सा पास सम्बन्धी मापदण्डमा देहाय बमोजिम मापदण्ड थप गर्ने निर्णय गरियो।

९.१ नगरपालिका गठन पूर्व स्थानीय निकायको स्वीकृति प्राप्त गरी निर्माण भएका १७ मिटर भन्दा अग्ला भवनहरुको सन्दर्भमा नियमानुसार नामसारी तथा अभिलेख सम्पन्न प्रमाणपत्र जारी गर्ने।

९.२ १७ मिटर सम्मको आवासीय र मिश्रित आवासीय/व्यवसायिक भवनको हकमा संधियार तर्फ ढोका तथा भेन्टिलेसन राख्दा १.५ मिटर सेट ब्याक छोड्नुपर्ने, झ्याल ढोका तथा भेन्टिलेसन नराख्ने भए संधियार तर्फ टाँसेर भवन बनाउन स्वीकृत दिने।

९.३ तला संख्यामा १/२ (आधा ) तल्ला भन्नाले प्लिन्थ एरियाको अधिकतम ५०% सम्मको निर्माण कार्यलाई बुझाउने छ।

९.४ साविकमा सम्बन्धित सरकारी निकायबाट Plot Permit र साविक गा.बि.स. बाट नक्सा स्वीकृत गराई सोही अनुसार निर्माण सम्पन्न भैसकेको भवनहरुको हकमा मापदण्ड नपुगेको अवस्थामा अभिलेख नामसारी प्रमाणपत्र जारी गरिनेछ।

९.५ यस नगरपालिका भित्रका हालसाविक भईसकेका वडाहरुमा हालसाविक नक्साअनुसार नक्सा स्वीकृत गरिने छ।

९.६ साविक गा.वि.स. हरुबाट नक्सा स्वीकृत गरी निर्माण सम्पन्न प्रमाणपत्र समेत जारी भईसकेका भवनहरुको हकमा पूर्वस्वीकृत सम्पन्न प्रमाणपत्रमा नै नामसारीको छाप लगाई नामसारी प्रमाणीकरण गरिने।

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुंगमती, काठमाडौं
२०७३

**६५ औं कार्यपालिका बैठकका निर्णयहरु** मिति ~~२०६६~~ २०७७/११/२६

९.७ वडा नं. ३ को मिति २०७७।१०।२१, च.नं ३७४४ को पत्रानुसार भत्केको पुल निरको श्याम महर्जनको जग्गादेखि सरु भण्डारीको जग्गा हुँदै जाने सडक ४ मिटरमा नक्सा स्वीकृत गर्ने।

९.८ नेपाल विद्युत प्राधिकरणको मिति २०७७।११।१६, च.नं. ८८३ को पत्रानुसार देहाय बमोजिमका विद्युत भोल्टेजका तारहरुको छेउबाट देहाय बमोजिमको दूरी छोडी नक्सा कायम गर्ने :

| सि.नं. | विद्युत भोल्टेजको स्तर | छेउको तारबाट छोड्नुपर्ने न्यूनतम दूरी |
|---|---|---|
| १ | २३०/४०० देखि ११००० भोल्टेजसम्म | १.२५ मिटर |
| २ | ११००० देखि ३३००० भोल्टेजसम्म | २ मिटर |
| ३ | ३३००० देखि ६६००० भोल्टेजसम्म | २.३०५ मिटर |
| ४ | ६६००० देखि १३२००० भोल्टेजसम्म | २.९१५ मिटर |

नोट: छेउको तारवाट हुन आउने न्युनतम दुरीको माथि उल्लेखित ढंगले मापन गर्दा हावाको चापवाट हुनसक्ने तारको उच्चतम मच्चाइलाइ समेत ध्यान दिनुपर्नेछ।

१०. तपसिल बमोजिमका व्यवसायीहरुलाई टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो।

१. जे.आर.बि. कन्स्ट्रक्सन प्रा.लि., टोखा न.पा.६
२. शुभलक्ष्मी निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. टोखा न.पा.२
३. बि.क्युव इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि. टोखा न.पा.१०
४. मेनका कन्स्ट्रक्सन प्रा.लि., टोखा न.पा.३
५. रक्षेन बिल्डर्स एण्ड कन्स्ट्रक्सन, टोखा न.पा.७
६. जागरुक बिल्डर्स प्रा.लि., टोखा न.पा.१०
७. गहते निर्माण सेवा, टोखा न.पा.३
८. बरजन कन्स्ट्रक्सन एण्ड ट्रेडर्स प्रा.लि. टोखा न.पा.६
९. टांसी निर्माण सेवा, टोखा न.पा.३
१०. पाख्रिन ज्योज्यो बिल्डर्स. टोखा न.पा.६

११. तपसिल बमोजिमका व्यवसायीहरुलाई टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ (संशोधन सहित) बमोजिम 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय लाई अनुमोदन गर्ने निर्णय गरियो।

१. गोकुलगंगा भिमसेन बिल्डर्स प्रा.लि. टोखा न.पा.१०
२. सिर्कोट कालिका बिल्डर्स एण्ड सप्लायर्स, टोखा न.पा.१०
३. इस्लामपुर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. टोखा न.पा.१०
४. माइथोलोजी नेपाल कन्स्ट्रक्सन प्रा.लि,.टोखा न.पा. ९
५. स्टार अभियान कन्स्ट्रक्सन प्रा.लि.टोखा न.पा.१
६. स्वर्ग बिल्डर्स प्रा.लि. टोखा न.पा.१०

७.सविना निर्माण सेवा, टोखा न.पा.१०

१२. मिति २०७७।११।११ गतेको वातावरण तथा विपद् ब्यवस्थापन समितिको बैठकको निर्णय अनुसार टोखा नगरपालिका वडा नं ३ स्थित भुतखेल चौरमा सार्वजनिक शौचालय निर्माणको लागि विपद् ब्यवस्थापन कोषबाट रु १७ लाख विनियोजन गर्ने निर्णय गरियो।

१३. "टोखा नगरपालिकाका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७" स्वीकृत गर्ने निर्णय गरियो।

१४. टोखा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत रा.प. द्धितीय श्रेणीको संघीय सरकारको कर्मचारी हुने र नगरपालिकामा कार्यरत अधिकृत दशौं तह सम्मका कर्मचारीहरु निजको मातहत रहने विद्यमान ब्यवस्था भएको, रा.प द्धितीय श्रेणीको कर्मचारीको आधारभूत तलब स्केल अधिकृत दशौंको भन्दा कम हुने भएकोले २०७७ चैत १ गतेदेखि लागू हुने गरी टोखा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई अधिकृत दशौं तहको आधारभूत स्केल, ग्रेडसहितको तलब भत्ता तथा अन्य सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो।

१५. २०७८ सालको विस्केट जात्रा संचालनको लागि आठौं नगरसभाबाट विनियोजित रकम नपुग हुने भएकोले सँस्कृति संरक्षण कोषवाट रु. २ लाख थप विनियोजन गर्ने निर्णय गरियो।

१६. मनमैजु यातायात प्रा. लि. लाई विष्णुमति साङ्लेखोला करिडोर हुँदै यातायात संचालन गर्न सिफारिस गर्ने निर्णय गरियो।

१७. वडा नं. ७ मा कार्यरत सामाजिक परिचालक श्री शारदा पौडेलको पदनाम सामाजिक परिचालक वाट सहायक कम्प्युटर अपरेटर ( सहायक चौथो सरह सेवा सुविधा हुने गरी ) मा परिवर्तन गर्ने निर्णय गरियो।

१८. हालसम्म नगर प्रमुख, उप प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतको तोक आदेशवाट भए गरेका सम्पूर्ण खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो।

१९. यस नगरपालिका वडा नं. ११ मा रहेको मनोहरतिर्थधामको पुनर्निर्माणको लागी विस्तृत परियोजना प्रस्ताव तयार गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो।

२०. टोखा नगरपालिकामा नगर प्रहरी संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ को दफा २८ मा नगर प्रहरीको पोशाक कार्यपालिकावाट निर्धारण भए बमोजिम हुने व्यवस्था रहेकोमा तत्काल नगर कार्यपालिकाको बैठक बस्न सम्भव नभएकोले मिति २०७७/१०/२८ मा नगरप्रमुखस्तरीय निर्णयवाट तपशिल बमोजिम नगर प्रहरीको पोशाक निर्धारण गर्ने निर्णय भएकोले सो निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

**तपशिल**

गाढा हरियो रङको सर्ट पाइन्ट/कालो जुत्ता/स्विटर/कपालमा ह्याट तथा क्याप/नगर प्रहरी सहायक पाँचौ पदको लागि काँधमा २ तारे फूली/नगर प्रहरी जवान पदको लागि काँधमा पँहेलो डबल लाइन/कालो बेल्ट/लठ्ठी/सिठ्ठी

२१. "टोखा नगरपालिकाका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७" बमोजिम नगर सेवक कर्मचारीहरुलाई उपलब्ध गराईने प्रोत्साहन भत्ताको लागी अन्य सेवा शुल्क लगायत

६५ औं कार्यपालिका बैठकका निर्णयहरु

मिति ~~२०६६~~ २०७७/११/२६

अन्य खर्च शिर्षकहरुमा बचत हुने रकम वाट रकमान्तर गरी वा कन्टिजेन्सी रकम वाट समेत खर्च व्यवस्थापन गर्ने निर्णय गरियो ।

**६५ औं कार्यपालिका बैठकका निर्णयहरु**

**मिति ~~२०७६~~ २०७७/११/२६**

२२. टोखा न.पा. वडा नं. ५ स्थित सिर्जनशिल वसुन्धरा भवन फिनिसिङग गर्ने कार्यको लागी सम्बन्धित इन्जिनियरवाट तयार भएको लागत अनुमान रु. २२५५२१४.०६ स्विकृत भइ श्रीमान् नगरप्रमुखज्यूको मिति २०७७/६/८ को तोक आदेशानुसार सातौँ नगरसभाको सि.नं. २०६ वाट रु. २० लाख विनियोजन भएकोमा पछी सो भवनलाइ वडा शहरी स्वास्थ्य भवनको रुपमा समेत संचालन गर्ने गरी निर्णय भइ साविकमा स्विकृत कामको परिमाणमा थप कार्य गर्नुपर्ने भएकोले सम्बन्धित इन्जिनियरवाट पुन लागत अनुमान तयार गर्दा रु. ३३३४३०४.०१ को लागत अनुमान पेश हुन आएकोले पेश भए बमोजिम थप कामको भेरियसन स्विकृत गरी साविकमा विनियोजित रकमका अतिरिक्त नपुग रकम थप विनियोजन गर्ने निर्णय गरियो ।

२३. टोखा न.पा. वडा नं. ४ स्थित ओशिष क्लवलाई सी डिभिजन फूटवल प्रतियोगितामा सहभागिताको लागी खेलकुद कोषवाट सहयोग स्वरुप रु. ४ लाख उपलब्ध गराउने निर्णय गरियो ।

मापदण्ड नं........

# टोखा नगरपालिकाका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः – २०७७/११/२६ गते

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौँ
बागमती प्रदेश, नेपाल

# टोखा नगरपालिकाका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७

**प्रस्तावना** : टोखा नगरपालिकाको समग्र विकास तथा समृद्धिको लागि आवश्यक परेको समयमा कार्यालय दिन तथा कार्यालय समयका अतिरिक्त विहान, वेलुका र सार्वजनिक विदाको दिन समेत नगरपालिकाको काम गर्नुपर्ने नगर सेवक कर्मचारीहरुलाई कार्यालयको कामप्रति थप समर्पित, जागरुक, जिम्मेवार वनाई प्रोत्साहित गर्दै नगरपालिकाको समग्र कार्यसम्पादनस्तरलाई छिटो, छरितो, चुस्त, दुरुस्त, प्रभावकारी एवं गुणस्तरीय बनाई "समृद्ध नगरपालिका, सुखी नगरवासी" भन्ने नगरपालिकाको परिदृष्यलाई सार्थक तुल्याउनको लागि निश्चित मापदण्ड तथा सूचकहरुको आधारमा नगर सेवक कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउन बाञ्छनीय भएकोले टोखा नगरपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने ) ऐन, २०७५ को दफा ४ ले प्रदान गरेको अधिकार प्रयोग गरी टोखा नगरपालिका, नगर कार्यपालिकाले यो मापदण्ड स्विकृत गरी लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : १) यस मापदण्डको नाम "टोखा नगरपालिकाका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७" रहेको छ ।

२) यो मापदण्ड तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस मापदण्डमा,

१) "कर्मचारी" भन्नाले स्थायी, अस्थायी तथा करार, संघ, प्रदेश तथा स्थानीय सरकारको स्रोतबाट तलव भत्ता लिने टोखा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, अन्तरगतका सम्पूर्ण वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारी सम्झनुपर्दछ ।

२) "कार्यालय" भन्नाले टोखा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ ।

३) "भत्ता" भन्नाले प्रोत्साहन भत्ता सम्झनुपर्दछ ।

४) "अतिरिक्त समय" भन्नाले कार्यालय दिन तथा कार्यालय समय वाहेकको समय सम्झनुपर्दछ ।

५) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले टोखा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

६) "जनप्रतिनिधि" भन्नाले टोखा नगरपालिकाका निर्वाचित जनप्रतिनिधिलाई सम्झनुपर्दछ ।

३. यस मापदण्ड बमोजिम भत्ता प्राप्त गर्ने प्रत्येक कर्मचारीले अनिवार्य रुपमा कार्यालय आएको र गएको समयमा दिनको २ पटक विद्युतीय हाजिरी गर्नु पर्नेछ । प्राविधिक कारणवश विद्युतीय हाजिरी विग्रिएको अवस्थामा हाजिरी रजिष्टरमा हाजिरी गरी हाजिरी प्रमाणित हुनुपर्नेछ ।

४. अनुसूची १ बमोजिमका सूचकहरुको आधारमा अधिकतम १०० अंक मानी प्रत्येक महिना प्रत्येक कर्मचारीको प्राप्तांकको आधारमा निजले पाउने भत्ता रकम हिसाब गरिनेछ ।

५. अतिरिक्त समय हिसाव गर्दा कार्यालय समय भन्दा ढिलो आएको र छिटो गएको समय घटाएर बाँकी समयलाई गणना गरिने छ ।

६. कार्यालय दिन तथा कार्यालय समय बाहेकको अतिरिक्त समय गणना हुन एक सिफ्ट ( बिहान/बेलुका) मा लगातार कम्तिमा ३० मिनेट सहित १ दिनमा कम्तिमा १ घण्टा कार्य गरेको

हुनेछ । कर्मचारीले अतिरिक्त समय काम गरेको व्यहोरा खुल्ने विवरण अनुसूची २ बमोजिमको ढाँचामा सम्बन्धित शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित हुनुपर्नेछ । भत्ता प्राप्त गर्नकै निम्ति अतिरिक्त समय हाँजिरी गर्ने प्रवृत्ति निरुत्साहित गर्न अतिरिक्त समयमा कार्यालय सम्बन्धी कामकाज गरेको सुनिश्चितता गरेर मात्र अतिरिक्त समय गणना गरि भत्ता प्रदान गरिनेछ ।

७. कर्मचारी विदामा बसेको, गयल भएको तथा TADA पाउने गरी काजमा खटिएको अवधिलाई भत्ता हिसाब गर्ने प्रयोजनको लागी गणना गरिने छैन ।

८. कुनै कर्मचारीले यस मापदण्ड बमोजिम भत्ता प्राप्त गर्ने गरी अतिरिक्त समय काम गर्नुपरेमा कार्यालयको लागी अतिरिक्त समय काम गर्नुपर्ने आवश्यकता र औचित्यता सहित सम्बन्धित शाखा प्रमुखले अनुसूची ३ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरी अनिवार्य रुपमा प्रमुख प्रशासकीय अधिकृतको पूर्व लिखित आदेश लिनुपर्नेछ । यसरी आदेश प्राप्त गरी अतिरिक्त समय काम गर्ने कर्मचारीले अतिरिक्त समय काम गर्नुपूर्व र काम सम्पन्न भएपछी अनिवार्य विद्युतीय हाँजिरी गर्नुपर्नेछ ।

९. यस मापदण्ड बमोजिम प्रदान गरिने भत्ताको दर अनुसूची १ बमोजिमको सूचकको आधारमा प्रत्येक कर्मचारीले प्रत्येक महिना प्राप्त गरेको कूल प्राप्तांकको आधारमा सम्बन्धित कर्मचारीको आधारभूत स्केलको बढीमा ३० प्रतिशत हुनेछ । तर, प्रमुख प्रशासकीय अधिकृतलाई अधिकृतस्तर दशौं तहको कर्मचारीको आधारभूत स्केलको एकमुष्ट ३० प्रतिशतका दरले भत्ता उपलब्ध गराईनेछ ।

१०. यस मापदण्ड बमोजिम प्रदान गरिने भत्ता कार्यक्रम आवश्यक पूर्व तयारी सम्पन्न भए पश्चात २०७८ बैशाख १ गते बाट क्रमश: कार्यान्वयन गरिनेछ ।

११. सरकारी, गैह्रसरकारी तथा अन्य विभिन्न संघ, संस्था वा निकायबाट प्रोत्साहन स्वरुप भत्ता प्राप्त गरेका कर्मचारीलाई यस मापदण्ड बमोजिमको भत्ता प्रदान गरिने छैन ।

१२. प्रत्येक महिना व्यतित भएको १५ दिनभित्र आर्थिक प्रशासन शाखाले देहायको कागजातको आधारमा यस मापदण्ड बमोजिमको भत्ता सम्बन्धित कर्मचारीलाई भुक्तानी गर्नुपर्नेछ ।

- सम्बन्धित कर्मचारीको महिनाभरिको हाँजिरी विवरण खुल्ने कागजात ।
- सम्बन्धित कर्मचारीलाई अतिरिक्त समय काम गर्न गरिएको लिखित आदेश र निजले अतिरिक्त समय काम गरेको व्यहोरा खुल्ने अनुसूची २ बमोजिमको प्रमाणित विवरण ।
- अनुसूची ४ बमोजिम "प्रमुख प्रशासकीय अधिकृत वाट मूल्यांकन गरिने कार्यसम्पादन सुचक वापतको कूल अंकभार" को आधारमा प्रमुख प्रशासकीय अधिकृतले मूल्यांकन गरी प्रमाणित गरेको प्रत्येक कर्मचारीको मूल्यांकन सम्बन्धी विवरण ।
- अनुसूची १ मा उल्लेखित भत्ता प्राप्त गर्ने प्रयोजनको लागी सूचकहरु र अंकभारको आधारमा प्रत्येक कर्मचारीको कूल प्राप्तांक सम्बन्धी प्रमुख प्रशासकीय अधिकृत वाट प्रमाणित विवरण ।

१३. यस मापदण्ड बमोजिमको भत्ता स्वेच्छिक हुनेछ ।

यस मापदण्ड बमोजिम प्रदान गरिने भत्ता प्रयोजनको लागी अतिरिक्त समय हिसाब गर्दा कुनै कर्मचारीले अतिरिक्त समय काम गरे वापत बैठक भत्ता लगायतका अन्य कुनै भत्ता तथा अन्य आर्थिक सुविधा प्राप्त गरेको रहेछ भने यस मापदण्ड बमोजिमको भत्ता हिसाब गर्ने प्रयोजनको लागी सो समय गणना गरिने छैन । कुनै कर्मचारीले अतिरिक्त समय काम गरे वापत बैठक भत्ता लगायतका अन्य भत्ता, आर्थिक सुविधाको साथसाथै सोही समय काम गरे वापत यस मापदण्ड बमोजिमको भत्ता समेत लिएको रहेछ भने सम्बन्धित कर्मचारी जिम्मेवार हुनेछ ।

१५. यस मापदण्ड प्रयोजनको लागी सम्बन्धित शाखा भन्नाले तपशिल बमोजिम बुझिनेछ ।

| शाखाहरुको विवरण | |
|---|---|
| प्रशासन शाखा | शिक्षा शाखा |
| आर्थिक प्रशासन शाखा | महिला विकास शाखा |
| योजना शाखा | कृषि विकास शाखा |
| प्राविधिक (पूर्वाधार) शाखा | पशु सेवा शाखा |
| प्राविधिक (नक्सा) शाखा | |
| स्वास्थ्य शाखा | |

माथि उल्लेखित कुनैपनि शाखा अन्तरगत नपर्ने कर्मचारीहरुको हकमा सम्बन्धित शाखा भन्नाले प्रशासन शाखा बुझिनेछ ।

१६. यस मापदण्डमा उल्लेखित कुनैपनि प्रावधानमा नगर कार्यपालिकाले निर्णय गरी आवश्यक संशोधन गर्न सक्नेछ । तर, तत्काल कार्यपालिका बैठक बस्ने अवस्था नदेखिएको र यस मापदण्डमा तत्काल संशोधन गर्नुपर्ने देखिएमा नगर प्रमुखले लिखित निर्णय मार्फत आगामी कार्यपालिका बैठक वाट अनुमोदन हुने गरी यस मापदण्डमा संशोधन गर्न सक्नेछ ।

१७. यस मापदण्डमा उल्लेखित व्यवस्थाको हकमा यसै मापदण्ड बमोजिम हुनेछ र यस मापदण्डमा उल्लेख गरिएको व्यवस्था बाहेकको हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

१८. यो मापदण्ड लागु हुनुभन्दा अघि कार्यपालिका बैठकवाट निर्णय गरी प्रदान गरिएका सम्पूर्ण प्रोत्साहन तथा जोखिम भत्ताहरु यो मापदण्ड लागु भएसँगै स्वत: खारेज हुनेछ । यस अघि प्रदान गरिएका उक्त भत्ताहरु यसै मापदण्ड बमोजिम प्रदान गरिएको मानिनेछ ।

## अनुसूची १

### भत्ता प्राप्त गर्ने प्रयोजनको लागी सूचकहरु र अंकभार

### (मापदण्डको दफा ४,९,१२ सँग सम्बन्धित)

| क्र.सं. | सूचक | अंकभार | कैफियत |
|---|---|---|---|
| १. | नियमित हाँजिरी वापत | ३० | |
| २. | अतिरिक्त समय काम गरे वापत | ३५ | |
| ३. | प्रमुख प्रशासकीय अधिकृत वाट मूल्यांकन गरिने कार्यसम्पादन सुचक वापत | ३५ | |
| पूर्णाङ्क | | १०० | |

- कुनै महिनामा हुन आउने शनिवार र अन्य सार्वजनिक विदा वाहेक नियमित कार्यालय संचालन हुने दिनको कूल सिफ्टको संख्या (विहान र बेलुका दुई पटक ) अनुसार हुनुपर्ने हाँजिरीको आधारमा नियमित हाँजिरी वापतको कूल अंकभार हिसाब गरिनेछ ।
- एक महिनामा ५० घण्टा वा सो भन्दा बढी समय काम गरेको आधारमा अतिरिक्त समय काम गरे वापतको कूल अंक भार हिसाब गरिनेछ ।

## अनुसूची २

### कर्मचारीले अतिरिक्त समय काम गरेको व्यहोरा खुल्ने विवरण

**(मापदण्डको दफा ६,१२ संग सम्बन्धित)**

| क्र.सं. | कर्मचारीको नाम, थर | पद | काम गरेको मिति, अवधि | कामको विवरण | मुख्य उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

....................
पेश गर्ने
सम्बन्धित शाखा प्रमुख

....................
प्रमाणित गर्ने
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ३

**कर्मचारीलाई अतिरिक्त समय काममा लगाउन सम्बन्धित शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने निवेदन र प्रमुख प्रशासकीय अधिकृतले अतिरिक्त समय काम गर्न दिने आदेशको ढाँचा**

**(मापदण्डको दफा ८ सँग सम्बन्धित)**

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
टोखा नगरपालिका

**विषय : कर्मचारीलाई अतिरिक्त समय काममा लगाउन आदेश गरी पाउँ ।**

महोदय,

यस नगरपालिकाको लागी ............. शाखामा कार्यरत तपशिल बमोजिमका कर्मचारीहरुलाई कार्यालय दिन/कार्यालय समय बाहेक तपशिल बमोजिम अतिरिक्त समयमा समेत काममा लगाउनुपर्ने देखिएकोले निजहरुलाई अतिरिक्त समय काम गर्न लिखित आदेश जारी गरिदिनहुन सिफारिस साथ अनुरोध गर्दछु ।

**तपशिल**

| क्र.स. | कर्मचारीको नाम, थर | पद | अतिरिक्त समय काम गर्नुपर्ने अनुमानित मिति, अवधि | अतिरिक्त समय काम गर्नुपर्ने आवश्यकता र औचित्यता | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

..................

पेश गर्ने

सम्बन्धित शाखा प्रमुख

सम्बन्धित शाखा प्रमुखले पेश गरे बमोजिम निजलाई अतिरिक्त समय काम गर्न यो आदेश जारी गरिएको छ ।

................

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ४

**प्रमुख प्रशासकीय अधिकृत वाट मूल्यांकन गरिने कार्यसम्पादन सुचकको अंकभार**
**(मापदण्डको दफा १२ सँग सम्बन्धित)**

| क्र.सं. | सूचक विवरण | अंक |
|---|---|---|
| १ | कार्यसम्पादन पछी प्राप्त नतिजा, उपलब्धि/प्रतिफल, पदीय जिम्मेवारी निर्वाहको स्थिति | १० |
| २ | सेवा प्रदान गर्ने समय (छिटो/ढिलो), सेवाको गुणस्तर, सेवाको प्रभावकारिता, सेवाप्रति सेवाग्राही तथा अन्य सरोकारवालाको धारणा | ६ |
| ३ | काम प्रतिको जागरुकता, लगाव, कार्यसम्पादन प्रयत्न, कार्यालय प्रतिको समर्पण र सकारात्मक सोच | ५ |
| ४ | जनप्रतिनिधिहरुसँगको उत्तरदायित्व, जनप्रतिनिधि तथा अन्य कर्मचारीहरुसंगको सञ्चार | ३ |
| ५ | कार्यालय पोशाक, परिचयपत्र र अनुशासन | ३ |
| ६ | जनप्रतिनिधि, अन्य कर्मचारी तथा सेवाग्राहीप्रतिको व्यवहार, सो ले जनप्रतिनिधि, अन्य कर्मचारी, सेवाग्राही तथा अन्य सरोकारवालाहरुमा पारेको प्रभाव, सेवाग्राहीप्रतिको जवाफदेहिता | ४ |
| ७ | समन्वय (मातहत/समकक्षी र तालुक तह/निकाय, समन्वय गर्नुपर्ने अन्य सरकारी/गैह्रसरकारी निकाय तथा व्यक्तिहरु) | २ |
| ८ | प्रमुख प्रशासकीय अधिकृतको निजप्रतिको दृष्टिकोण तथा निजको कार्यसम्पादनस्तर प्रतिको सन्तुष्टि स्तर | २ |
| | **कूल जम्मा** | **३५** |